सम्पत्ति शुद्धीकरण अनुसन्धान विभागको आर्थिक वर्ष २०७५/०७६ को वार्षिक स्वीकृत कार्यक्रम बमोजिम मिति २०७५/११/११ मा धनकुटा नगरपालिकाको सभाहल, धनकुटामा **धनकुटा जिल्लास्थित साझेदार तथा सरोकारवाला निकायहरूका** लागि सम्पत्ति शुद्धीकरण तथा आतङ्कवादी क्रियाकलापमा वित्तीय लगानी निवारण सम्बन्धमा **अन्तरक्रियात्मक गोष्ठी तथा कार्यशाला** सम्पन्न गरिएको थियो। धनकुटा जिल्ला स्थित जिल्ला प्रशासन कार्यालय, नेपाल प्रहरी, सशस्त्र प्रहरी बल नेपाल, कोष तथा लेखा नियन्त्रक कार्यालय, जिल्ला सरकारी वकील कार्यालयका कर्मचारीको साथै जिल्ला समन्वय समिति, जिल्लाका स्थानीय तहका पदाधिकारी तथा कर्मचारीहरु, जिल्लामा रहेका बैंक तथा वित्तीय संस्थाहरु, धनकुटा उद्योग वाणिज्य संघ, होटल एसोसियसन धनकुटा समेतको सहभागिता धनकुटा जिल्लाका प्रमुख जिल्ला अधिकारी श्री सिताराम कार्कीको प्रमुख आतिथ्यतामा सम्पन्न भएको थियो । कार्यक्रममा विभाग निर्देशक श्री तेजप्रकाश प्रसाईले कार्यपत्र प्रस्तुत गर्नु भएको थियो भने अन्तर्क्रियाको क्रममा उठेका जिज्ञासा तथा प्रश्नहरुको समाधान निजका साथै विभागबाट कार्यक्रम सञ्चालनका निमित्त खटिनुभएका अधिकृतहरुबाट भएको थियो।

**कार्यक्रमसँग सम्बन्धित तस्विरहरू**






अन्तरक्रियात्मक कार्यशाला तथा गोष्ठी